(२) एकाइ-६ (विश्वको इतिहास)

## मध्यकालीन एसियाको आर्थिक उदय र सङ्कुचन

Page: 9 pg. 95

पूर्वी एसिया :- चिन, जापान
मध्य एसिया - अफगानिस्तान, काजकस्तान
दक्षिण एसिया - नेपाल, भारत
दक्षिण पूर्वी एसिया - म्यानमार, मलेसिया
मध्यपूर्वी एसिया - इराक, साउदी
उत्तरी एसिया - रुस।

- भारतको आर्थिक उदय र संकुचन

* प्रमुख शासकीय वंशहरू
→ सिंद वंश
→ मुगल वंश
→ सुरी वंश
→ सिख
→ बंगाल
→ मराठा

* मुगल साम्राज्यको समयमा भारतको आर्थिक अवस्था उन्नत थियो।
* भारतको सुती कपडा, बंगालको रबर उद्योग, छपाई उद्योग र रेशम उद्योगमा उत्पादित सामाग्री अरबीयनको माध्यमबाट युरोपसम्म व्यापार गरिन्थ्यो।
* भास्को डि गामा (पोर्चुगल) ले युरोपबाट भारत जाने बाटो पत्ता लगाएपछि यहाँको व्यापारमा अझै वृद्धि भएको।
* बंगाल, लाहोर, गुजरात, बनारस र कस्मीर आदिमा रेशम उद्योग स्थापना भएका थिए।
* काँच उद्योग, चुरा, गहना, बोतल, हातहतियार आदि बनाउने उद्योगहरू थिए।
* मुगल साम्राज्यको पतन पछि आर्थिक विकासमा र कृषि उत्पादनमा पनि ह्रास आयो।
* मुगल साम्राज्य पछि साना-साना राज्यको निर्माण भयो, बंगालको सुबा नवाबको अधिनमा आयो। सोही समय देखि आक्रमण र युद्धका आर्थिक संकुचन सुरु।
* दक्षिण तर्फ मैसुर हैदर अलि र टिपु सुलतानको शासनका बखत बङ्ग किसानको माथि बारम्बार आक्रमण गरियो।
* मराठा साम्राज्यका शासकले पनि किसानलाई ¼ र १/१० र करका रूपमा अन्न बुझाउनु पर्ने थियो।
* पर्सियाली र अटोमन साम्राज्य हुँदै युरोप सम्मको व्यापार बिग्र
* अन्त्यमा बंगाल र मराठाको समयमा आर्थिक संकुचन नै भएको पाइन्छ।

-
-→ प्राकृतिक विपत्ति
- कृषि र औद्योगिक क्रियाकलापमा कमी
- व्यापारिक मार्गमा अवरोध
- पहलको विरुद्धमा किसानहरूले गरेको विद्रोह
- असुरक्षित सामुद्रिक यात्रा
- मुद्राको विकास नहुनु
- सैनिक गतिविधिमा वृद्धि तर व्यापारिक सुरक्षाको अभाव।


CamScanner

Page: Date:

प्रमुख शासक वंशहरू

शासकवंश:
- शाङ्ग वंश
- चाउ वंश
- हान वंश
- ताङ्ग वंश
- शुङ्ग वंश
- युवान वंश
- मिङ वंश

गणतन्त्र चिन

→ चाउ वंश र ताङ्ग वंश चिनको इतिहासमा पहिलो र दोस्रो स्वर्ण युग मानिन्छ।

→ हान वंशको पाला मा चिनले केही आर्थिक उन्नति गरेको पाइन्छ।

→ पानी घडि, सूर्य घडि, भूकम्पमापन यन्त्र, पाङ्गा भएको गाडा (चक्का) र तातो बेलुनको (Hot air bollon) आविस्कार गरिएको थियो।

→ खाद्यान्न र पशुपालन व्यवसाय फस्टाएको थियो।

→ कपास, सुती धागो, कागज, फलाम आदि उत्पादन गरि रेशममार्ग हुँदै युरोप सम्म व्यापार गरिन्थ्यो।

→ फलाम र नुन उद्योगलाई राष्ट्रीयकरण गरेपछि कृषि पेशा व्यापक भई कृषि करमा पनि वृद्धि हुन गयो।

→ समाज चार वर्गमा विभाजित थियो।

1) सामन्त र पुरोहित
2) किसान, व्यापारि, शिल्पकार तथा सैनिकहरू
3) ~~भूमि~~ भूमिहिन किसान र मजदुरहरू
4) दास, दासीहरु

→ ताङ्ग वंशमा चिनको क्षेत्रफल विस्तार भइ पूर्वमा कोरिया उत्तरमा साइबेरिया र दक्षिणमा भियतनाम सम्म फैलिएको थियो।



Page: Date:

→ युवान वंशका (चिन पत्ता लगाएका) संस्थापक कुब्ला खाँ को दरबारमा इटालिन यात्री मार्कोपोलो आएका र सिल्क (Silk road) को बारेमा उल्लेख गरेका थिए।

→ १८७७ इ. मा जर्मन भूगोलविद् तथा यात्री फर्डिनेन्ड भोन रिचथोफेन (Ferdinand von Richthofen) ले यस बाटोलाई सिल्क रोड भन्ने नाम दिएका थिए।

→ कुब्ला खाँ कै पालामा नेपाली कलाकार टोली अरनीको को नेतृत्वमा अभय मल्लको पालामा चिन पुगेका थिए।

→ उनकै पालामा कागजी नोटको प्रचलन सुरु गरे, तथा ग्राण्ड नहर विस्तार गरी पेचिङ सम्म पुऱ्याए।

→ समाजसुधारक कन्फ्युसियस ले यसै समयमा अनुसाशन, इमान्दार र शुद्ध आचरणमा जोड दिई समाजलाई व्यवस्थित बनाएका थिए।

→ मिङ वंशी शासन कालमा chinese माटो, रेशम, कागज र कपास को व्यापारमा सिधै वृद्धि थियो तर चिनको बाह्य व्यापार बन्द भए पछि आर्थिक संकुचन सुरु भयो।

→ चिन प्रवेशमा रोक, अनिकाल, बाढी, आर्थिक संकटक, व्यापारिक मार्गको अभाव आदिले मिङ वंशको पनि पतन भयो।

मध्यकालीन जापानको इतिहास

→ मध्यकालमा (जापानमा) सामन्तहरूको शासन व्यवस्था कायम थियो। शासक वंशहरू कमजोर र नाम मात्रका थिए।

→ कामाकुरा, नानबोकुचो, मुरोमाची, मेइजी आदि वंशहरु थिए।

→ सगुन (वास्तविक शासक राणा जस्तै), डाइमो (सामन्त), समुराइ (योद्धा) ~~पाँचौं शताब्दी तिर~~ थिए।

→ पाँचौं शताब्दी तिर जापानले कोरिया र चिन सँग व्यापारीक सम्बन्ध विस्तार गरेको र जापानी मुद्रा समेत प्रचलनमा ल्याएको थियो।

→ रेशम सुती कपडा, मेसिनका पार्टपुर्जा, सिमेन्ट, कागज आदि को उद्योगमा विस्तार भएको थियो।

→ चिया खेती, बोटबिरुवालाई बोन्साई गरेर उन्नत बनाउने कलाको सुरुवात्
→ किसानहरु पहिका किसमा उच्च करका कारण जमिन बेच्दै उद्योगमा मजदुरी गर्न थाले।
– मेइजी शासकको सुरुवात सँगै जापानमा आधुनिकिकरणको गति तिव्र भयो।

मिती = २०८०/०३/०१

"लोकतन्त्र" पाठ ४

लोकतन्त्र वा प्रजातन्त्र शासन सञ्चालनको एउटा यस्तो व्यवस्था हो। जसमा लोक वा प्रजा नै सर्वोपरी हुन्छन् जनता द्वारा जनताका लागि जनताले तय गरेको विधिद्वारा गरिने शासन पद्धति नै लोकतन्त्र हो। प्रजातन्त्रको परिवर्तित र विकसित स्वरुपलाई लोकतन्त्र भनिन्छ।

– ग्रिसको एथेन्सका क्लेसथेन्सले पहिलो पटक प्रजातन्त्र शब्दको प्रयोग गरेका थिए। जसमा (Democracy = Demos + kratas) डेमोसको अर्थ जनता र क्रेटसको अर्थ शासन थियो। त्यसैले क्लेसथेन्सलाई प्रजातन्त्रको पिता मानिन्छ।
– विश्वमा धेरै मुलुकहरुमा निरङ्कुस शासकहरुले शासन गरेका अवस्थामा जनता पिडित भैरहेका थिए। ~~जसका~~ जसको फलस्वरुप जनतामा चेतनाको विकास भएर सङ्गठित रुपमा निरङ्कुसता विरोधि आन्दोलन गरी क्रान्तिहरु हुन थाले।

लोकतन्त्रको पृष्ठभूमी

– युरोपको पुनर्जागरण
– धर्म सुधार आन्दोलन
– बेलायतको गौरवमय क्रान्ती / रक्तहिन क्रान्ति
– फ्रान्सेली राज्य क्रान्ति
– अमेरिकी स्वतन्त्रता संग्राम
– भारतिय स्वतन्त्रता संग्राम
– चिनको राज्य क्रान्ति
– नेपालमा राणा विरोधि आन्दोलन र प्रजातन्त्रको स्थापना

समयक्रम

| सन् | घटनाक्रम |
| --- | --- |
| – १२१५ जुन १५ | म्याग्नाकार्टा पारित (राजा बेलायत जोन) |
| – १६४३ देखि १६६१ | बेलायतको गृह युद्ध, राजनितिकदल टोरी र ह्विग को स्थापना |
| – १६६७ | बेलायतमा बन्दी प्रत्यक्षीकरण पास, गैरकानुनी रुपमा थुनामा राख्न नपाइने व्यवस्था |
| – १६८८-१६८९ | बेलायतको संसद र राजा बिचको शक्ति संघर्ष/ गौरवमय क्रान्ति, राजा जेम्स द्वितिय लाई निस्कासित गरी छोरी मेरी र पति विलियम गद्दी आरोहण |
| – १६८९ | बेलायतको संसदले बिल अफ राइट्स पास गर्यो बेलायतमा संवैधानिक राजतन्त्रको व्यवस्था |
| – १७२१-१७४२ | रर्बट वालपोल बेलायतका प्रथम प्रधानमन्त्रि नियुक्त |
| – १७७५-१७८३ | अमेरीकी स्वतन्त्रता संग्राम जर्ज वासिङ्टनको नेतृत्वमा |
| – ४ जुलाई १७७६ | अमेरीका एकिकृत देश बन्यो। |
| – ३० अप्रिल १७८९- ४ मार्च १७९८ | जर्ज वासिङ्टन अमेरीकाको प्रथम राष्ट्र राष्ट्रपति बने |
| – १७८९ | फ्रान्सेली राज्यक्रान्ति, लुई सोह्रौंको पाल मा गणतन्त्रको स्थापना |
| – १९११ | चिनको राज्य क्रान्ति |
| – १९१७ | रुषमा जार शासन विरुद्ध आन्दोलन र साम्यवादको स्थापना |
| – १९१४ - १९१८ | प्रथम विश्व युद्ध |
| – १९३९ - १९४५ | दोस्रो विश्व युद्ध |
| – १९४७ - अगष्ट १५ वि.सं. | भारत बेलायती उपनिवेशबाट स्वतन्त्र |

| | |
|---|---|
| - २००७ साल फाल्गुन ७ गते | राणा शासनको अन्त्य र प्रजातन्त्र स्थापना |
| - २०१५ | आम निर्वाचन (पहिलो) |
| - २०१७ पुस १ | दल विहिन पञ्चायती व्यवस्था आरम्भ |
| - २०३६ | जनमत संग्रहको घोषणा |
| - २०४६ | संयुक्त जनआन्दोलन र प्रजातन्त्रको पुर्नस्थापना |
| - २०५२ | माओवादी विद्रोह सुरु |
| - २०५८ जेठ १९ | दरबार हत्या काण्ड |
| - २०६१ | राजाद्वारा शासन सत्ता आफ्नो हातमा |
| - २०६२-२०६३ | दोस्रो जनआन्दोलन, राजसंस्थाको अन्त्य गरी लोकतन्त्र स्थापना (२०६३ वैशाख ११) |
| - २०६५ जेठ १५ | संघिय लोकतान्त्रीक गणतन्त्रको स्थापना |

लोकतान्त्रिक प्रणालीका विशेषता,

- विधिको (कानुन) को शासन,
- आवधिक निर्वाचन प्रक्रिया,
- खुला प्रतिस्पर्धाका माध्यमबाट प्रतिनिधि छनोट,
- जनतानै राज्य सत्ताका स्रोत,
- जनउत्तरदायी सरकार,
- समानता, स्वतन्त्रता र मानव अधिकारको रक्षा,
- शक्ति पृथकिकरण, विकेन्द्रीकरण,
- कानुनी तथा कल्याणकारी राज्य,
- सार्वभौमसत्ता जनतामा निहित,
- समानुपातिक तथा समावेशिता को सिद्धान्त।

लोकतन्त्रले पारेको प्रभाव

२००७ प्रजातन्त्र

- जहानियाँ राणा शासनको अन्त्य
- राजनीतिक दलहरुको उदय
- वैदेशिक सम्बन्ध कायम
- पहिलो आम निर्वाचन
- जनप्रतिनिधि मूलक सरकार

२०४६ प्रजातन्त्रको पुर्नस्थापना

- पञ्चायती व्यवस्थाको अन्त्य
- संवैधानिक राजतन्त्र
- मौलिक हकको थप
- माओवादी विद्रोह
- संयुक्त जनआन्दोलन

२०६३ लोकतन्त्र

- संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना
- राजतन्त्रको अन्त्य
- ३१ वटा मौलिक हकको व्यवस्था
- कानुन को शासन x
- भ्रष्टाचार वृद्धि / पदको दुरुपयोग
- जनताको इच्छा, आकांक्षा बमोजिम स्वनिर्णय गरिन्छ।
- जनताले कानुन अनुसार स्वतन्त्रता पाएका छैनन्।

अभ्यास

इतिहास कसरी लेखिन्छ, उल्लेख गर्नुहोस्।

इतिहास भनेको विगतको घटना हो। विगतका यथार्थ घटनाहरूलाई समेटेर इतिहास लेखिन्छ। इतिहास लेख्दा तल दिइए अनुसारका तरिकाहरू अपनाइन्छ:-

पहिले घटेका घटनाहरूको स्थान, घटनाको प्रवृत्ति र घटनाको वर्णन गर्ने, अवलोकन गर्ने।

घटेका घटनाको समय, तिथिमिति टिप्ने।

घटनासँग सम्बन्धित पक्षहरूको अध्ययन अनुसन्धान, घटना हुनुको सत्य तथ्य कारण पत्ता लगाउने।

घटनाबाट परेको प्रभाव विश्लेषण गर्ने।

घटनाको विकासितको क्रम र अन्त्यसम्मका क्रियाकलाप अध्ययन गर्ने।

इतिहासकार तथा जानकार व्यक्तिसँग सम्पर्क गर्ने, पुस्तकहरू अध्ययन गरी इतिहासकारको धारणा मिसाएर इतिहास लेखिन्छ।

वैज्ञानिक प्रवृत्तिमा भने तथ्य तथा प्रमाणहरू खोजी ~~गर~~ गरी सोको आधारमा विषय वस्तुको व्याख्या विश्लेषण गर्दै इतिहास लेख्न सकिन्छ।

इतिहास लेखनका मूल प्रवृत्तिहरूका बारेमा छोटकरीमा उल्लेख गर्नुहोस्।

समयका प्रवाहमा मानिससँग सम्बन्धित घटनाहरू वा जानकारीहरू मेटिएर नजाओस् भनी इतिहास लेखिन्छ। भावी पुस्ताले विगतमा भएका घटना बारे जानकारी पाउने मूल स्रोत इतिहास हो। इतिहास लेखनका मूल प्रवृत्तिहरूलाई निम्नानुसार पनि व्याख्या गर्ने गरेको पाइन्छ:-

क) पूर्ववर्ती घटनाहरूको सङ्ग्रहका रूपमा इतिहास लेख्ने प्रवृत्ति (Antecedents Trend):

यो प्रवृत्तिमा विगतका घटनाहरूको कालक्रमको विवरण मात्र टिपेर घटनालाई जस्ताको त्यस्तै सङ्ग्रह गरी इतिहास तयार गरिन्छ। यसमा घटना विश्लेषण हुँदैन।

ख) विश्लेषणात्मक इतिहास लेखन प्रवृत्ति (Annalistic Trend):-

विश्लेषणात्मक इतिहास लेखन प्रवृत्तिको सुरुवात रोमन इतिहासकार थ्यासिडाइड्स ... गरेका थिए। यस प्रकारको लेखनमा कुनै एउटा घटना वा विषयवस्तुलाई विशेष लेखका रूपमा इतिहासकारको धारणा मिसाएर प्रस्तुत गरिन्छ। यसमा इतिहास पढ्ने पाठकले लेखकको धारणा ~~मिसाएर प्रस्तुत गरिन्छ। यसमा इतिहास~~ अनुसार नै आफ्नो धारणा विकसित गर्दछ।

ग) वैज्ञानिक प्रवृत्ति (Scientific Trend):-

यस प्रवृत्तिमा तथ्य तथा प्रमाणहरू खोजी गरी सोका आधारमा विषयवस्तुको व्याख्या विश्लेषण गर्दै इतिहास लेख्ने काम गरिन्छ।

पाठ:- ⑨ (क्रियाकलाप) (मध्यकालीन एसियाको आर्थिक उदय र सङ्कुचन)

पेज)-८२ * रेसममार्ग (सिल्क रोड) बाट चीनसँग जोडिन सकियो भने नेपाललाई केके फाइदा हुन सक्छन्?

-> रेसममार्ग (सिल्क रोड) बाट चीनसँग जोडिन सकियो भने नेपाललाई हुन सक्ने फाइदाहरू:-

- नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध बढ्ने।
- व्यापारमा समुद्री मार्गको मात्र भर पर्नु नपर्ने, स्थलमार्गको पनि उपयोग गर्न सकिने।
- देशलाई आवश्यक वस्तुहरूको आपूर्तिमा सहयोग हुने। नेपालले आफ्नो उत्पादन युरोपीय बजारमा पुर्‍याउन सजिलो हुने।
- नेपाल र चिन बिचको स्थलीय व्यापारमा वृद्धि हुने, रोजगारीको अवसर वृद्धि हुने, पर्यटनको विकास हुने।

४) मध्यकालीन समयमा नेपालले के कस्ता वस्तुहरू आयात निर्यात गर्दथ्यो?

-> मध्यकालीन समयमा नेपालमा लिच्छवि कालिन शासन थियो। अंशुवर्माकी छोरी भृकुटीको विवाह तिब्बतका राजा स्रोङ चोङ गम्पोसँग भएको थियो। अंशुवर्माकी बहिनीको बिहे भारतका राजैटासँग भएको थियो। त्यसबेला नेपालको व्यापार बढी भारत र तिब्बतसँग हुन्थ्यो। नेपालबाट अन्न, कस्तुरी मसला तामाको ~~भाँडा~~ भाँडा, लत्ताकपडा, सिक्का आदि तिब्बत पठाइन्थ्यो। तिब्बतबाट जडिबुटी, नुन, सुन, चाँदी आदि आयात हुन्थ्यो। नेपालबाट भारततिर जडिबुटी, छाला, काठ, धातुका सामान, राडी, कम्बल, गलैंचा आदि निर्यात हुन्थ्यो।



CamScanner

भारतबाट मसला, नून, रेशमी लुगा आदि आयात हुन्थ्यो।

३ मध्यकालीन एसियाको आर्थिक अवस्थामा गिरावट आउनुका कारणहरूको समीक्षा गर्नुहोस्।

⇒ मध्यकालीन एसियाको आर्थिक अवस्थामा गिरावट आउनका कारण निम्न छन्:-

- किसानको विद्रोह, यातायातको साधनको अभाव।
- अनिकाल, बाढी, पहिरो।
- कमजोर औद्योगिक सङ्गठन, उद्योगको ह्रास।
- कृषिर स्थलमार्ग माथि निर्भरता।
- व्यापारिक मार्ग र आधुनिक पानीजहाजको अभाव।
- ~~समुद्री~~ समुद्री मार्गको अभाव र खतरा।
- शान्तिको सुरक्षाको अभाव, सीमित आन्तरिक तथा बाह्य व्यापार।
- सामन्ती प्रभाव किसानमाथि करको बोझ।
- समुद्रि डाँकुहरूको खतरा।
- देशहरू बिचमा युद्ध, साम्राज्यवादी नीति।
- राज्यको संरक्षणमा कमी, देश देशको कान्छी झमेला।

४ मध्यकालिन एसियाको उदय कसरी भएको थियो, बुँदागत रुपमा लेख्नुहोस्।

→ मध्यकालिन एसियाको ~~उक~~ उदय कसरी भएको थियो भन्ने विषयमा बुँदागत रुपमा तल प्रस्तुत गरिएको छ:-

- पहिलो शताब्दीदेखी सोह्रौं शताब्दीसम्म मध्यकालीन भारत आर्थिक रुपमा सम्पन्न थियो।
- भारतको सुति कपडा, मसला, ढाका विश्व प्रख्यात थियो। (चाइनामा माटोको भाँडा प्रसिद्ध थिए)
- बंगालको रङ, छापा कहिल्यै नखुइलिने थियो।
- किसानहरूले विभिन्न फलफूल, खाद्यान्न उत्पादन गरी देश खाद्यान्नमा आत्मनिर्भर थिए।
- मुद्राको प्रचलन कम भएकाले अन्नलाई करको रुपमा बुझाइन्थ्यो।
- लत्ताकपडा, भाँडावर्तन, कृषि औजार र दैनिक जीवनका वस्तुहरू देशमा नै उत्पादन हुन्थ्यो।
- मध्य एसियामा बर्बर मंगोल जातिको राज्य विस्तार थियो। प्राचीन सभ्यता मासिँदै नयाँ संस्कृति धर्मराज्य स्थापित हुँदै थिए।
- भारतमा विभिन्न सम्राट, बादशाहहरूको उदय भयो, अरब देशको माध्यमबाट भारतको व्यापार युरोपसम्म फैलियो।
- यो अवधिमा मार्कोपोलो चिनमा आए। चिनको उन्नति र विकासको बारेमा आफ्नो यात्रा वर्णन गर्ने क्रममा लेखे।
- चीनमा छपाइ, पानी घडी, सूर्य घडी, फलाम, पाङ्ग्रा भएको मानिसले तान्ने गाडा, भूकम्प मापन यन्त्र, कम्पास, सुति धागो आदिको विकास भयो।
- चीनमा नुनफलाम उद्योगहरू राष्ट्रियकरण भए। Great wall को निर्माण भयो।
- राजा सर्वोच्च शासक भए पनि सामन्तहरू शक्तिशाली थिए।
- मुगल सम्राट, अकबर बादशाह, मराठाहरू राज्य विस्तार तथा व्यापारमा लागेका थिए।
- जापानमा पनि कृषिमा आधारित थियो।
- सगुन, समुदाय, डाइमो जापानको उपप्रशासक वा सानो क्षेत्रका शासक थिए।
- जापानमा बाह्य व्यापार त्यति विकसित थिएन। राजा मिजोको शासन कालबाट जापानमा विकासको क्रम सुरु भएको थियो।

(३) औद्योगिक क्रान्ति पे.नं. १०२

अभ्यास

१ औद्योगिक क्रान्तिले विश्वमा परेको प्रभावहरूको बुँदागत रुपमा व्याख्या गर्नुहोस्।

→ औद्योगिक क्रान्तिले विश्वमा ठूलो प्रभाव पार्‍यो। यसको प्रभाव राजनीतिक, सामाजिक तथा आर्थिक क्षेत्रमा समेत पर्‍यो। औद्योगिक क्रान्तिका प्रभावहरू यसप्रकार छन्:-

क) उद्योगको स्थापना :- औद्योगिक क्रान्तिले गर्दा हातबाट बन्ने वस्तुहरू मेसिनबाट उद्योगमा बन्न थाले। सामानको गुणस्तर राम्रो भयो। उत्पादित वस्तुको माग बढ्नाले अरु बढी उद्योग स्थापना भए। बेलायतबाट सुरु भएको

औद्योगिक क्रान्ति युरोपका अन्य मुलुक हुँदै विश्वभरी नै फैलियो।

ख) पुँजीवादको उदय :- उद्योगहरुको स्थापनाका लागि पुँजीको आवश्यकता पर्ने भएकाले पुँजीवादको उदय भयो। समाजमा पुँजीपतिहरुको मान्यता बढ्यो। पुँजीपतिहरुले उद्योगहरुको स्थापना पुँजी लगानी गरी उत्पादित सामानबाट मुनाफा लिई अरु लगानी बढाई अझ बढी पैसा कमाउन थाले। श्रमिकहरु पुँजीपतिको अधिनमा रहन थाले।

ग) सहरीकरण :- उद्योगहरु स्थापना हुन थालेपछि मानिसहरु पनि उद्योगको छेउछाउ बस्न थाले। यस्ता ठाँउमा व्यापार बढ्न थाल्यो। रोजगारीको उपलब्धता भयो। दैनिक उपभोग्य र आवश्यक वस्तुको सहज भयो। त्यसैले गाँउतिर जनसङ्ख्या घट्न थाल्यो र सहरतिर बढ्न थाल्यो। यस सहरको विस्तार भयो।

घ) महिला श्रमिकको शोषण :- पुरुष श्रमिकलाई महिला श्रमिक काम गर्न सक्दैनन् भनेर पुरुष श्रमिकभन्दा महिला श्रमिकलाई ज्याला कम दिएर महिला श्रमिकको शोषण गरियो।

ङ) जीवनशैलीको स्तरवृद्धि :- औद्योगिक क्षेत्र र उत्पादनले रोजगारी वृद्धि भयो। रोजगारी बढेपछि आयमा वृद्धि भई स्तरव भोग गर्ने परिपाटी विकसित भयो। नयाँ नयाँ आविष्कारहरुले मानिसहरुको जीवनशैली फेरियो। ग्रामीण समाजमा बस्ने मानिसहरु सहरमा बस्न थाले।

च) प्रविधिको विकास :- औद्योगिक क्रान्तिले नयाँ नयाँ आविष्कारहरु भए। यातायातको साधन, रेलगाडी, पानीजहाजहरु आविष्कार भए। रेडियो, टेलिभिजनको आविष्कार पछि अन्य देशसँगको सम्पर्क बढ्यो। जसबाट व्यापार विस्तार भयो। उपनिवेश स्थापित भए। व्यापारको विकास तथा साम्राज्य स्थापना गर्ने प्रवृत्तिले गर्दा नयाँ नयाँ खोज अनुसन्धान हुन थाले यसबाट प्रविधिको विकास भयो।

छ) प्रदूषण र वातावरणको विनास :-

औद्योगिक विकासले प्राकृतिक वातावरणमा असर पुग्यो। उद्योगबाट निस्कने धुँवा र रसायनले वायु प्रदूषण बढायो। उद्योग स्थापना गर्दा गर्दा वन फँडानी भयो। सडक, रेलमार्ग निर्माण गर्न जङ्गल मासियो जसले गर्दा वातावरणमा प्रभाव पर्‍यो।

(२) उपनिवेशको शुरुआत र औद्योगिक क्रान्तिको सम्बन्ध उल्लेख गर्नुहोस्।

→ औद्योगिक क्रान्तिले साम्राज्यवादलाई प्रोत्साहन गर्‍यो। अठारौँ शताब्दीमा पोर्चुगालीहरुले ३ लाख ६४ हजार ८ सय ब्राजिलियन दास आयात गरेका थिए। यसरी अर्थ साम्राज्यवादीहरुले मानव बेचबिखन कार्य गर्थे। उद्योगका लागि कच्चा पदार्थ सबै उपनिवेशबाट आयात गर्थे। रेलमार्गका लागि काठ, धातुका उद्योगका लागि धाउ सबै उपनिवेशीक राष्ट्रबाट लिन सकिन्थ्यो। त्यसैले उपनिवेश शुरुवातका कारणहरु निम्न लिखित छन् :-

- उपभोग धन्दाको विस्तार, कच्चा पदार्थको उपलब्धता, सस्तो श्रम शक्ति
- बजारको आवश्यकता आर्थिक लाभ श्रम शोषण
- जातीय, लैङ्गिक र रङ्गभेद र सामाजिक कुरीतिहरु
- नाफामुलक उद्योग र पुँजीपतिको विलासी जीवन आदि कारणले उपनिवेश शुरुवात भयो। जुन औद्योगिक क्रान्तिसँग सम्बन्धित छ।

(8) (लोकतन्त्र) पे.नं :- १०४

अभ्यास :-

१.) विश्वमा लोकतान्त्रिक आन्दोलन हुनुका कारणहरु उल्लेख गर्नुहोस्।

⇒ विश्वमा जनताले जनताका लागि जनताद्वारा गरिने शासन प्रणाली वा प्रजातान्त्रिक शासन प्रणाली प्रमुख रुपमा स्थापित छन्। विश्वमा विभिन्न मुलुकमा लोकतान्त्रिक आन्दोलनहरु भए। देश अनुसारका कारणहरु फरक फरक हुन सक्छन्। तापनि केहि कारणहरु मोटामोटी रुपमा समान देखिन्छन्। ती हुन् :-

क.) निरङ्कुश शासन :-

कतिपय देशमा प्रचलित शासन व्यवस्थाले जनताको हकहितलाई कुण्ठित पारेको थियो। शासकहरुले स्वेच्छाचारी शासनले जनतालाई पीडा दिएको मौलिक हक खोसिएको थियो। स्वतन्त्रपूर्वक बाँच्न पाउने अधिकार उपयोग गर्न पाएका थिएनन्। शासकलाई शङ्का लागेका वा विरोध गरेको आभाष मिलेमा वा गुनासो पोखेमा कठोर सजाय भोग्नु पर्थ्यो। निरङ्कुश शासन असह्य (सहन नसक्ने) भएपछि जनता सङ्गठित भई लोकतन्त्रको स्थापनाका लागि

- विकासमा ढिलासुस्ती :- राजनीतिक खिचातानी र असहमतिको कारण विकास आयोजनाहरूमा ढिलै-ढिलाई भइरहेको छ।
- शक्तिको दुरुपयोग :- नेताहरूले आफ्ना व्यक्तिगत स्वार्थका लागि सार्वजनिक स्रोत र शक्तिको दुरुपयोग गरेका छन्।
- शिक्षा र स्वास्थ्यमा गिरावट :-
  लोकतन्त्रको नाममा शिक्षालय र अस्पताल जस्ता क्षेत्र पनि राजनीतिमा प्रभावित हुँदै गएका छन्, जसले गुणस्तरमा कमी ल्याएको छ।

एकाई - ⑥ नेपालमा जातप्रथा पेज :- १०५
पाठ - ①

जयस्थिति मल्लको पालामा → ६४ जात
ऋग्वेद
विराट पुरुषका आधारमा
मुख → ब्राह्मण
हात → क्षेत्रीय
पेटदेखि (तिघ्रा) → वैश्य
पैताला → शुद्र

जङ्ग बा. राणा = वि. सं. १९१० मुलुकी ऐन
- ↳ तागाधारी = (तागा = धागो) धारी (धारण गर्ने) जनै लगाउने (माथिल्लो जात)
- ↳ मतवाली = से ता म गु रा लि
- ↳ छोइछिटो हाल्नु नपर्ने (पानी चल्ने)
- ↳ छोइछिटो हाल्नु पर्ने (पानी नचल्ने) :- कुनै ढोको नचल्ने जातले छोयो भने पानीको छिटो हाल्नुपर्ने जातलाई छोइछिटो भनिन्छ।

- जातको विशेषता
- जात तल रहने
- छुवाछुत
- जन्मका आधारमा जात
- विवाहमा बन्देज
- उच्च निचको भावना
- जातबाट बहिस्कार

नेपालमा जातीय छुवाछुत र भेदभाव सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था :-
- विश्वव्यापी मानव अधिकारको घोषणा पत्र (१० डिसेम्बर १९४८) अनुसार विश्वका सबै मानिसहरू जन्मेदेखि आत्मसम्मान र अधिकारको उपभोगमा स्वतन्त्र र समान हुन्छन्। सोही आधारमा नेपालको संविधानमा जातिय छुवाछुत सम्बन्धि प्रावधानहरू र हकहरूको व्यवस्था गरिएको छ।
- नेपालको संविधान धारा १८ समानताको हक :-
  राज्यका नागरिकहरू बिच उत्पत्ति, धर्म, वर्ण, जातजाति, लिङ्ग, आर्थिक अवस्था, भाषा, क्षेत्र, वैचारिक आस्था वा अन्य कुनै आधारमा भेदभाव गरिने छैन।
- धारा २४ छुवाछुत तथा भेदभाव विरुद्धको हक :-
  कुनै पनि व्यक्तिलाई निजको उत्पत्ति, जात, जाति, समुदाय, पेसा, व्यवसाय वा शरीरिक अवस्थाको आधारमा कुनै पनि निजि तथा सार्वजनिक स्थानमा कुनै प्रकारको छुवाछुत वा भेदभाव गरिने छैन।

- धारा ४० दलितको हक :-
- मुलुकी अपराध संहिता २०७४ :- को परिच्छेद १० मा भेदभाव तथा अन्य अपमान जन्य व्यवहार सम्बन्धि कसुर र सजायको व्यवस्था गरिएको छ। जसमा अपराधीलाई कसुरको मात्रा हेरि ३ वर्षसम्म कैद वा तिसहजार जरिवाना वा दुवै सजायको व्यवस्था छ

- जातिय तथा अन्य छुवाछुत र भेदभाव (कसुर र सजाय) ऐन, २०६८ संशोधन २०७५।